# शहिद, अपाङ्गता भएका र बेपत्ता व्यक्तिका परिवार एवं द्वन्द्व पिडितहरुलाई कृषिमूलक सीप एवं सामग्री प्रदान गर्ने कार्यक्रम सम्बन्धी

## अवधारणा-पत्र

१. पृष्ठभूमिः-

नेपालको संविधानले अवलम्वन गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको मर्म बमोजिम प्रदेश सरकारले समेत आफ्नो भूमिका निर्वाह गर्दै आईरहेको सन्दर्भमा प्रदेश भित्रको शान्ति सुरक्षालाई समेत उच्चतम महत्वका साथ हेरिनुपर्ने आवश्यकता रहेको छ । नेपालको संविधानको अनुसूची ६ मा प्रदेशको अधिकार सूची अन्तर्गत शान्ति सुरक्षा समेत उल्लेख रहेको छ। नेपालको परिप्रेक्ष्यमा दिगो शान्ति प्रवर्द्धन तथा व्यवस्थापनका लागि शहिद, अपाङ्गता भएका र बेपत्ता व्यक्तिका परिवार एवं द्वन्द्व पिडितहरुको माग सम्बोधन गरी राहत एवं पुनर्स्थापना गर्न समेत नितान्त आवश्यक भएकोले सो विषय समेत समग्र गण्डकी प्रदेशमा शान्ति सुरक्षा एवं अमनचयन कायम गर्ने तर्फको महत्वपूर्ण पाटोको रुपमा स्थापित हुन आउँछ।

प्रदेश नं ४ (कार्यविभाजन) नियमावलीमा आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्यजिम्मेवारीमा प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापन सम्बन्धी एवं सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्ति लगायतका कार्यजिम्मेवारीहरु रहेका छन्। तसर्थ, शहिद, अपाङ्गता भएका र बेपत्ता व्यक्तिका परिवार एवं द्वन्द्व पिडित व्यक्ति, परिवार, समुदाय र क्षेत्रको सामाजिक तथा आर्थिक विकासको लागि आवश्यक नीति, रणनीति र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु यस मन्त्रालयको दायित्व समेत हुन आउँछ। कार्यक्रम कार्यान्वयन गर्ने क्रममा पिडित व्यक्ति, परिवार र समुदायको सिप विकास, रोजगारी सृजना, क्षमता अभिवृद्धि, जीवनस्तरमा स्तरोन्नति, आर्थिक उपार्जनका माध्यम आदि भएमा कार्यक्रम फलदायी भई समग्र गण्डकी प्रदेशमा दिगो शान्ति प्रवर्द्धनको सुरुवात हुने समेत आंकलन गर्न सकिन्छ।

यसै गरी गण्डकी प्रदेशको आ.व. ०७६/०७७ को नीति तथा कार्यक्रममा जनआन्दोलन तथा सशस्त्र संघर्षका शहिद तथा बेपत्ता नागरिकका परिवार, घाईते तथा घाईत परिवार र अपाङ्गता भएका व्यक्तिका लागि सरोकारवाला संघ संस्थासँगको सहकार्यमा रोजगार तथा सीपमूलक कार्यक्रम संचालन गरिने नीति अवलम्वन गरिएको हुँदा सो कार्यक्रम कार्यान्वयन गरी प्रदेश सरकारको दिगो शान्ति स्थापना गर्ने लक्ष्य हासिल गर्न आवश्यक रहेको छ। यसै बीच, गण्डकी प्रदेश भित्रका शहिद, अपाङ्गता भएका, वेपत्ता पारिएका व्यक्तिका परिवार एवं द्वन्द्व पीडित व्यक्तिहरुलाई कृषिजन्य स्वरोजगारमूलक तालिम एवं सामग्री प्रदान गरेमा उनीहरुको आर्थिक अवस्थामा सुदृढीकरण गरी विगतमा घटेका घटनाबाट भोग्नुपरेका आर्थिक, सामाजिक र मनोवैज्ञानिक कठिनाईहरु कम गर्दै जीविकोपार्जनमा सहजता प्रदान गर्न सकिने देखिन्छ भने अर्को तर्फ कृषि क्षेत्रको विविधिकरण एवं व्यावसायिकीकरणमा समेत टेवा पुग्ने भई दोहोरो लाभ हासिल गर्न सकिने हुन्छ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

२. उद्देश्यः -

क. शहिद, अपाङ्गता भएका, वेपत्ता पारिएका व्यक्तिका परिवार एवं द्वन्द्व पीडित व्यक्तिमा कृषिमूलक सीपको विकास गर्नु,

ख. शहिद, अपाङ्गता भएका, वेपत्ता पारिएका व्यक्तिका परिवार एवं द्वन्द्व पीडित व्यक्तिको आयआर्जनमा वृद्धि गरी जीविकोपार्जनमा सहजता कायम गर्नु,

ग. कृषि सम्बन्धी सामग्री उपलब्ध गराई पिडित परिवारलाई श्रोत साधनयुक्त बनाउनु,

घ. पिडित व्यक्ति एवं परिवार समक्ष राज्यको उपस्थिति अभिवृद्धि गर्नु,

ङ. कृषि क्षेत्रलाई थप उत्पादनमूलक बनाउन जोड दिनु,

च. शहिद, अपाङ्गता भएका, वेपत्ता पारिएका व्यक्तिका परिवार एवं द्वन्द्व पीडित व्यक्ति र प्रदेश सरकारबीच विश्वास एवं अपनत्वको वातावरण सृजना गर्नु आदि।

३. वार्षिक कार्यक्रमः-

आन्तरिक मामिला तथा कानून मन्त्रालयको आ.व. २०७६।०७७ को वार्षिक विकास कार्यक्रममा कार्यक्रम कोड नं. २.७.८.४., खर्च शिर्षक नं २२५२२ मा "शहिद, अपाङ्गता भएका, वेपत्ता पारिएका व्यक्तिका परिवार एवं द्वन्द्व पीडितका लागि संघ संस्थाहरुको सहकार्यमा पुनर्स्थापना तथा राहत" मा रु. ९०,००,०००(अक्षेरुपी नब्बे लाख रुपैयाँ मात्र) विनियोजित रहेको छ। साथै, गण्डकी प्रदेश सरकार मन्त्रिपरिषदले अनुमोदन गरेको वार्षिक कार्ययोजनामा समेत उक्त कार्यक्रम दोश्रो र तेश्रो चौमासिकमा सञ्चालन गर्ने उल्लेख रहेको छ।

४. कार्यक्रम कार्यान्वयनको ढाँचाः-

क) आन्तरिक मामिला तथा कानून मन्त्रालयको अन्य कुनै संयन्त्र नभएको एवं कृषि क्षेत्र मार्फत् शहिद, अपाङ्गता भएका र बेपत्ता व्यक्तिका परिवार एवं द्वन्द्व पिडितहरुलाई पुनर्स्थापना तथा राहत उपलब्ध गराउन उपयुक्त भएकोले उक्त क्षेत्रसँग सम्बन्धित निकायसँगको सहकार्य एवं समन्वयमा कार्यक्रम कार्यान्वयन गर्दा प्रभावकारी हुने हुन्छ।यसर्थ, "शहिद, अपाङ्गता भएका, वेपत्ता पारिएका व्यक्तिका परिवार एवं द्वन्द्व पीडितका लागि संघ संस्थाहरुको सहकार्यमा पुनर्स्थापना तथा राहत" कार्यक्रम भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई अख्तियारी प्रदान गरी कार्यान्वयन गर्दा थप प्रभावकारी हुने हुन्छ।

ख) कार्यक्रम संचालन गर्ने सम्बन्धी कार्यविधि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट पेश भई स्वीकृत गरी कार्यान्वयन गर्दा थप प्रभावकारिता एवं सहजता कायम हुने हुन्छ।

ग) कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यस मन्त्रालयबाट महाशाखा प्रमुख(उपसचिव) को प्रतिनिधित्व हुने गरी कार्यक्रम संचालन गर्दा मन्त्रालयबीचको सहकार्य एवं समन्वय कायम भई थप प्रभावकारिता समेत अभिवृद्धि हुने हुन्छ।

घ) कार्यक्रम कार्यान्वयन गर्दा पिडित व्यक्ति तथा परिवारलाई तालिम सहित अधिकतम रु.५०,०००।– (अक्षेरुपी पचास हजार रुपैंया मात्र) गर्दा न्यूनतम आवश्यकता सम्बोधन भई धेरै व्यक्ति तथा परिवारलाई समेत समेट्न सकिने हुन्छ।

ङ) चालू आ.व. २०७६/०७७ मा विनियोजित बजेट, आर्थिक वर्षको बाँकी रहेको समयावधि समेतलाई विचार गर्दा गण्डकी प्रदेश स्थित सबै जिल्लामा कार्यक्रम कार्यान्वयन गर्न सम्भव हुने नदेखिएकोले द्वन्द्वबाट बढी प्रभावित जिल्लाहरु लमजुङ्ग, तनहुँ, गोरखा र बाग्लुङ्ग गरी चार जिल्लामा कार्यक्रम कार्यान्वयन गर्दा प्रभावकारी हुने हुन्छ।

## ५. कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरुः-

क. वास्तविक पीडितलाई मात्र कृषि सम्बन्धी तालिम तथा सामग्रीहरु उपलब्ध गराउनुपर्ने,

ख. सकभर अन्य निकाय एवं संस्थाबाट सुविधा उपभोग गर्न नपाएका एवं सुविधाबाट वञ्चितको छनौट गर्नुपर्ने,

ग. रोजगारी सृजना हुने गरी एवं दीर्घकालीन रुपमा लाभान्वित हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने,

घ. तालिम तथा सामग्री उपलब्ध गराउँदा दोहोरोपन हुन नदिने,

ङ. उत्पादनमूलक एवं उपलब्धीमूलक हुने गरी कार्यक्रम संचालन गर्नुपर्ने,

च. कार्यक्रम कार्यान्वयन गर्दा कृषि क्षेत्रको विविधिकरण एवं व्यवसायीकरणमा समेत टेवा पुग्ने गरी कार्यक्रम संचालन गर्नुपर्ने आदि।

## ६. कार्यक्रमबाट लाभान्वित पक्षः-

कृषि क्षेत्रसँग सम्बन्धित तालिम र सामग्रीहरु प्रदान गरेर नेपालमा विभिन्न समयमा भएका क्रान्ति, आन्दोलन, संघर्ष तथा जनयुद्ध र सशस्त्र युद्धको समयमा आफ्नो प्राण उत्सर्ग गर्ने शहिदका परिवार, अपाङ्गता भएका व्यक्ति, बेपत्ता पारिएका व्यक्तिका परिवार एवं द्वन्द्व पिडितका परिवारहरुको लागि राहत उपलब्ध गराईने हुँदा उल्लेखित व्यक्ति तथा परिवारहरु सामाजिक तथा आर्थिक हिसाबले लाभान्वित हुने हुन्छन्। यसरी कार्यक्रम कार्यान्वयन गर्दा उत्पादनमूलक क्षेत्रमा लगानी समेत हुने र कार्यक्रमको खर्च शिर्षकमा उल्लेखित स्वास्थ्य, शिक्षा, कृषि, महिला, पर्यटन लगायतका विभिन्न क्षेत्रमा संचालन हुने उत्पादन तथा सेवा प्रवाह(बिक्री हुने बाहेक) सम्बन्धी कार्यक्रमको खर्च समावेश गरिने व्यवस्था बमोजिम कृषि क्षेत्रको माध्यमबाट शहिदका परिवार, अपाङ्गता भएका व्यक्ति, बेपत्ता पारिएका व्यक्तिका परिवार एवं द्वन्द्व पिडितका परिवारहरुको लागि राहत उपलब्ध गराउँदा त्यस्ता व्यक्ति तथा परिवार लाभान्वित हुने हुन्छन्।

## ७. अपेक्षित उपलब्धीहरुः-

क. शहिद, अपाङ्गता भएका, वेपत्ता पारिएका व्यक्तिका परिवार एवं द्वन्द्व पीडित व्यक्तिको कृषिमूलक सीप विकास हुने,

ख. शहिद, अपाङ्गता भएका, वेपत्ता पारिएका व्यक्तिका परिवार एवं द्वन्द्व पीडित व्यक्तिको आयआर्जन वृद्धि भई जीविकोपार्जनमा सहजता कायम हुने,

ग. पीडित व्यक्ति तथा परिवारको जीवनस्तरमा सुधार हुने,

घ. पिडित व्यक्ति एवं परिवार समक्ष राज्यको उपस्थिति अभिवृद्धि हुने,

ङ. शहिद, अपाङ्गता भएका, वेपत्ता पारिएका व्यक्तिका परिवार एवं द्वन्द्व पीडित व्यक्ति व्यक्ति र प्रदेश सरकारबीच विश्वास एवं अपनत्वको वातावरण सृजना हुने आदि।

## ८. अनुगमन र मूल्याङ्कनः-

शहिद, अपाङ्गता भएका र बेपत्ता व्यक्तिका परिवार एवं द्वन्द्व पिडितहरुलाई कृषिमूलक सीप प्रदान गर्ने कार्यक्रम कार्यान्वयन गर्ने क्रममा आन्तरिक मामिला तथा कानून मन्त्रालय र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट अनुगमन र मूल्याङ्कन हुने, उक्त अनुगमन र मुल्याङ्कन टोलीमा आन्तरिक मामिला तथा कानून मन्त्रालयको सम्बन्धित महाशाखा र शाखाबाट समेत प्रतिनिधित्व कायम हुने र सो को प्रगति विवरण सहितको प्रतिवेदन यस मन्त्रालयमा समेत पेश गर्नुपर्नेछ।

## ९. उपसंहारः

गण्डकी प्रदेशमा रहेका शहिद, अपाङ्गता भएका र बेपत्ता व्यक्तिका परिवार एवं द्वन्द्व पिडितहरुलाई जीविकोपार्जनमा सहजता प्रदान गर्ने, उनीहरुको आर्थिक स्थिति सुदृढ गराउने अभिप्रायले गरिने कृषिमूलक सीप एवं सामग्री प्रदान गर्ने कार्यक्रमबाट गण्डकी प्रदेशभित्रका शहिद, अपाङ्गता भएका र बेपत्ता व्यक्तिका परिवार एवं द्वन्द्व पिडितहरुलाई प्रदेश सरकारको अनुभूति हुने साथै प्रदेश सरकारप्रति अपनत्वबोध गराउन महत्वपूर्ण सहयोग पुग्नेछ। यसबाट गण्डकी प्रदेशमा कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण र व्यावसायीकरणमा समेत सहयोग पुग्ने, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि हुने हुँदा प्रदेशको समग्र अर्थतन्त्रमा सहयोग पुग्ने हुन्छ। साथै, गण्डकी प्रदेशमा रहेका शहिद, अपाङ्गता भएका र बेपत्ता व्यक्तिका परिवार एवं द्वन्द्व पिडितहरुप्रतिको राज्यको दायित्व एवम् जवाफदेहितामा वृद्धि भई पिडितहरुले सम्मानजनक जीवनयापन गर्न पाउने अवस्था सृजना हुने र समग्र गण्डकी प्रदेशमा शान्ति सुव्यवस्था कायम भई सुशासनमा समेत मद्दत पुग्ने देखिन्छ।